# ***आकाशवाणी समाचार***

***मुख्य समाचार***

***1. सरकारले चार वर्ष मुनिका बालबालिकाका लागि क्लोरफेनिरामाइन मैलेट र फिनाइलएफ्रिन हाइड्रोक्लोराइड युक्त सबै निश्चित मात्रा संयोजन (FDC) को उत्पादन, बिक्री र वितरणमा प्रतिबन्ध लगाएको छ।***

***2. केन्द्रीय गृहमन्त्री अमित शाहले आज देशको पूर्वी सिमानामा सुरक्षा व्यवस्थाको समीक्षा गर्न बैठक गर्नुभयो, जसमा 'Chicken's Neck पनि भनिने सिलगढी करिडोरमा सुरक्षा सुदृढीकरणमा विशेष ध्यान केन्द्रित गरिएको थियो। उहाँले आज सिलिगुडीको सुकनास्थित एक रिसोर्टमा वरिष्ठ गोर्खा नेताहरूसँग पनि महत्त्वपूर्ण बैठक गर्नुभयो ।***

***3. ब्रिक्स युवा मन्त्रीहरूको बैठक आज साँझ विशाखापट्टनममा हुन्दैछ ।***

***4. प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भएको छ, भारतले लाइसेन्स राजको समयमा उत्पादनलाई दण्डित गर्ने आफ्नो दृष्टिकोणलाई मौलिक रूपमा परिवर्तन गरेको छ, र यसको ठाउँमा सरकारी प्रोडक्शन-लिंक्ड इंसेंटिव - पीएलआई योजना को माध्यमले यसलाई पुरस्कृत गरेको छभन गरिन्छ। र***

***5. FIH हक्की विश्वकपमा, भारतीय पुरुषं टोलीले आज आयोजक नेदरल्याण्ड्स विरुद्ध Amstelveenमा दोस्रो चरणको अभियान शुरु गर्नेछ। खेल भारतीय समय अनुसार साँझ 7:30 बजे शुरु हुनेछ।***

## ***भारत-नेपाल***

भारत र नेपालले द्विपक्षीय सहयोगको सम्पूर्ण क्षेत्रको समीक्षा गरेका छन् र सीमा व्यवस्थापन र सुरक्षामा सहयोगलाई सुदृढ पार्ने आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेका छन्। हिजो देहरादुनमा सम्पन्न भारत-नेपाल संयुक्त कार्यदलको 14 औं बैठकमा यो छलफल भएको थियो। दुई दिने बैठकमा गृह मन्त्रालयकी संयुक्त सचिव पौसुमी बसुले भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गरिन् भने नेपाली पक्षको नेतृत्व गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेले गरे।

---

## ***CJI - BRICS कानूनी फोरम***

भारतका प्रधानन्यायाधीश सूर्यकान्तले आज भन्नुभयो कि समयमै निर्णय दिने न्याय प्रणालीले विश्वव्यापी विश्वास निर्माण गर्छ, व्यवसाय गर्न सजिलो बनाउँछ र देशलाई लगानी र आर्थिक वृद्धिको लागि अझ भरपर्दो बनाउँछ। नयाँ दिल्लीमा 11 औं BRICS कानूनी मञ्चलाई सम्बोधन गर्दै, न्यायाधीश सूर्य कान्तले भने कि बलियो संस्थाहरू, विशेष गरी न्याय वितरण प्रणाली आर्थिक वृद्धिको जग हो, जसले कानूनको शासनप्रति दृढ प्रतिबद्धता मार्फत विश्वास, र स्थिरता प्रदान गर्दछ ।

---

## ***अमेरिकी ट्यारिफ-क्यानाडा***

अमेरिकाले 20 अर्ब डलर बराबरका क्यानेडियाली उत्पादनहरूमा 50 प्रतिशत कर लगाएको छ। कर आज बिहानै लागू भएको छ। दुई ऐतिहासिक सहयोगीहरू बीचको तनाव कम गर्न अन्तिम समयमा भएको वार्ता असफल भएपछि क्यानडाले तत्काल जवाबी कार्रवाई गर्ने बताएको छ। नयाँ अमेरिकी ट्यारिफले अमेरिकामा क्यानडाको वार्षिक निर्यातको लगभग पाँच प्रतिशतलाई असर गर्नेछ। अमेरिकी प्रशासनका एक वरिष्ठ अधिकारीले भने कि क्यानडाले

स्टील, एल्युमीनियम, अटोमोबाइल र काठमा अमेरिकी करमा छुट मागेको छ। प्रधानमन्त्री मार्क कार्नीले वार्ता असफल हुनुको लागि वाशिंगटनलाई दोष दिए।

---

***सिक्किम शिक्षक पुरस्कार***

सिक्किममा, राज्य शिक्षा विभागले डिक्लिङस्थित पीएम श्री सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा रसायनशास्त्रकी स्नातकोत्तर शिक्षिका सुष्मा तामाङलाई प्रतिष्ठित राष्ट्रिय शिक्षक पुरस्कार 2026 को लागि छनोट गरिएको घोषणा गरेको छ। यो सम्मान सिक्किमको लागि ठूलो गौरवको कुरा हो र स्कूल शिक्षामा सुश्री तामाङको समर्पण र अनुकरणीय योगदानलाई मान्यता दिन्छ। राष्ट्रिय शिक्षक पुरस्कार 5 सेप्टेम्बर 2026 का दिन नयाँ दिल्लीमा राष्ट्रपति द्रौपदी मुर्मु द्वारा सुष्मा तामाङलाई प्रदान गरिनेछ।

---

***Sansho पश्चिम बंगाल - अमित शाह***

24 नयाँ सरकार सत्तामा आएको 45 दिन भित्र राज्यमा भारत-बंगलादेश सीमामा बार लगाउन सीमा सुरक्षा बल (BSF) र सशस्त्र सीमा बल (SSB) लाई 1,129 एकड जग्गा हस्तान्तरण गरेकोमा केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीको प्रशंसा गरिकले छला श्री शाह हिजो पश्चिम बंगालको सिलिगुडीको रानीडांगा क्षेत्रमा रहेको सशस्त्र सीमा बल (SSB) सीमा मुख्यालयमा आयोजित कार्यक्रममा बोल्दै हुनुहन्थ्यो। गृहमन्त्रीले घुसपैठ रोक्न र राष्ट्रिय सुरक्षाको रक्षा गर्न सीमा बार लगाउन जरुरी छ भन्नुभयो। उहाँले अवैध आप्रवासीहरूलाई पहिचान गर्ने, हटाउने र देश निकाला गर्ने प्रक्रिया कडाईका साथ पालना गरिनेछ भन्नुभयो। 'चिकन नेक' भनेर चिनिने सिलगुडी करिडोरको रणनीतिक महत्वलाई प्रकाश पार्दै श्री शाहले यो पूर्वोत्तर र देशको सुरक्षाको लागि…

---

***पञ्जाब-भारतीय सेना***

भारतीय सेनाले हवाई निगरानी, त्वरित प्रतिक्रिया र युद्धभूमिमा पहुँच बढाउन सीमावर्ती राज्य पञ्जाबमा अत्याधुनिक ड्रोनहरूको पहिलो बाज़ बटालियन खडा गरेको छ। यो बटालियनले आकाशमा निगरानी तंत्रको रूपमा काम गर्नेछ। आकाशवाणी संवाददाताले रिपोर्ट गरेका छन् कि पञ्जाबको रक्षक भनेर चिनिने सेनाको वज्र कोर वा 11 कोर, बाज़ बटालियनलाई परिचालन गर्ने पहिलो कोर हो। 'X' मा एक सामाजिक सञ्जाल पोस्टमा, वज्र कोरका जनरल अफिसर कमान्डिङले सबै श्रेणीका साथ बटालियनलाई यसको स्थापना दिवसको शुभकामना दिए।

---

***जयशंकर-रूस भ्रमण***

विदेशमन्त्री डा. एस जयशंकरले भोलिदेखि रूसको दुई दिने औपचारिक भ्रमण गर्नुहुने छ। मन्त्रीले व्यापार, आर्थिक, वैज्ञानिक, प्राविधिक र सांस्कृतिक सहयोग सम्बन्धी भारत-रूस अन्तर-सरकारी आयोगको 27 औं सत्रको सह-अध्यक्षता गर्नेछन्। भ्रमणको क्रममा डा. जयशंकरले रूसी विदेशमन्त्री सर्गेई लाभरोभलाई पनि भेट्नेछन् र क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा दृष्टिकोण आदानप्रदान गर्नेछन्।

---

***शाह दार्जीलिङ बैठक***

आज केन्द्रीय गृहमन्त्री अमित शाहको नेतृत्वमा पश्चिम बंगालको पहाडी क्षेत्रका सबै सरोकारवालाहरूसँग सिलगढीमा भएको लामो बैठकपछि, उत्तर बंगालको पहाडी क्षेत्रसँग सम्बन्धित सबै समस्याहरू स्थायी रूपमा समाधान गर्न पूर्व आईपीएस अधिकारी पंकज सिंहको नेतृत्वमा मध्यस्थकर्ता समिति गठन गर्ने निर्णय गरिएको छ।

---

***समितिले केन्द्रलाई प्रतिवेदन दिनेछ।***

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारी, दार्जीलिङका सांसद राजु विष्ट, राज्यसभा सदस्य हर्षवर्धन श्रृंगला, गोर्खा जनमुक्ति मोर्चाका प्रमुख बिमल गुरुङ, जीएनएलएफका प्रमुख प्रबन्धक मान घिशिङ, जीटीए सचिव श्रुति रञ्जन मोहन्ती, खरसांगका विधायक सोनम लामा, कालिम्पोङका विधायक भरत क्षेत्री र अन्य प्रतिष्ठित व्यक्तिहरू सिलिगुडीको सुकनामा भएको बैठकमा उपस्थित थिए।

---

***हक्की-विश्व कप***

FIH हक्की विश्वकपमा, भारतीय पुरुष टोलीले आज आयोजक नेदरल्याण्ड्स विरुद्ध Amstelveenमा दोस्रो चरणको अभियान सुरु गर्नेछ। खेल भारतीय समय अनुसार साँझ 7:30 बजे शुरु भएको छ। भारतको महिला टोलीले भोलि अष्ट्रेलियाको सामना गर्नेछ।

---

***अन्त्यमा मुख्य समाचार पुन एकपट***

***1. सरकारले चार वर्ष मुनिका बालबालिकाका लागि क्लोरफेनिरामाइन मैलेट र फिनाइलएफ्रिन हाइड्रोक्लोराइड युक्त सबै निश्चित मात्रा संयोजन (FDC) को उत्पादन, बिक्री र वितरणमा प्रतिबन्ध लगाएको छ।***

***2. केन्द्रीय गृहमन्त्री अमित शाहले आज देशको पूर्वी सिमानामा सुरक्षा व्यवस्थाको समीक्षा गर्न बैठक गर्नुभयो, जसमा 'Chicken's Neck पनि भनिने सिलगढी करिडोरमा सुरक्षा सुदृढीकरणमा विशेष ध्यान केन्द्रित गरिएको थियो। उहाँले आज सिलिगुडीको सुकनास्थित एक रिसोर्टमा वरिष्ठ गोर्खा नेताहरूसँग पनि महत्त्वपूर्ण बैठक गर्नुभयो ।***

***3. ब्रिक्स युवा मन्त्रीहरूको बैठक आज साँझ विशाखापट्टनममा हुन्दैछ ।***

***4. प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भएको छ, भारतले लाइसेन्स राजको समयमा उत्पादनलाई दण्डित गर्ने आफ्नो दृष्टिकोणलाई मौलिक रूपमा परिवर्तन गरेको छ, र यसको ठाउँमा सरकारी प्रोडक्शन-लिंक्ड इंसेंटिव - पीएलआई योजना को माध्यमले यसलाई पुरस्कृत गरेको छभन गरिन्छ। र***

***5. FIH हक्की विश्वकपमा, भारतीय पुरुषं टोलीले आज आयोजक नेदरल्याण्ड्स विरुद्ध Amstelveenमा दोस्रो चरणको अभियान शुरु गर्नेछ। खेल भारतीय समय अनुसार साँझ 7:30 बजे शुरु हुनेछ।***